श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२९ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### बिरूवाहरूको संरक्षण गर्न बनेको ऐन

प्रस्तावनाः– पैठारी वा निकासी गरिने बिरूवा र बिरूवा-उत्पाद (प्लाण्ट-प्रोडक्ट) मा लाग्ने विनाशकारी संक्रामक किटाणु वा रोगको आवागमन र बिस्तारलाई निरोध र नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "बिरूवा संरक्षण ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि तोकेको ठाउँमा प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "बिरूवा" भन्नाले जीवित वा मृत सबै प्रकारको बिरूवा वा त्यसको भाग सम्झनुपर्छ र यस शब्दले बिरूवाको डाँठ, हाँगा, गाँठ, कलम, बोक्रा, जरा, पात, फलफुल, बीज समेतलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "बिरूवा-उत्पाद" भन्नाले उपयोगको लागि तयार भइनसकेको टुक्रा वा धुलो पारिएको बिरूवाजन्य पदार्थलाई सम्झनुपर्छ ।

(ग) "बिरूवा संरक्षण अधिकारी" भन्नाले यस ऐनको प्रयोजनको लागि श्री ५ को सरकारले नियुक्त गरेको वा तोकेको बिरूवा संरक्षण अधिकारी सम्झनु पर्छ ।

(घ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. श्री ५ को सरकारको अधिकारः– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल अधिराज्यभित्र बिरूवा र बिरूवा-उत्पाद पैठारी गर्ने सम्बन्धमा देहायको कुनै वा सबै शर्त बन्देज लगाउन वा काम गर्न सक्नेछः–

(क) कुनै बिरूवा वा बिरूवा-उत्पादलाई कुनै देशबाट पैठारी गर्न निषेध गर्ने,

(ख) कुनै बिरूवा वा बिरूवा-उत्पादलाई खास शर्तमा इजाजतपत्र लिई मात्र पैठारी गर्न पाउने गर्ने र यस्तो इजाजतपत्र बापत दस्तुर तोक्ने,

(ग) कुनै बिरूवा वा बिरूवा-उत्पादलाई नेपाल अधिराज्यभित्र एक जिल्लाबाट अर्को जिल्लामा लाने सम्बन्धमा आवश्यक शर्त बन्देज तोक्ने,

(घ) कुनै बिरूवा वा बिरूवा-उत्पाद पैठारी गर्न यातायातको साधन वा प्याकेज वा गोदामको सम्बन्धमा आवश्यक उपाय तथा शर्तहरू तोक्ने,

(ङ) बिरूवा वा बिरूवा-उत्पादलाई जांच तथा उपचार गर्ने प्रयोगशाला, जांच केन्द्र (चेकप्वाइन्टस्) र संक्रमण निरोध कार्यालय (क्वारण्टीन स्टेशन) स्थापना गर्ने र तिनीहरूको काम, कर्तव्य र अधिकार तोक्ने,

(च) बिरूवा वा बिरूवा-उत्पाद साथको माटो वा माटो मात्र वा बिरूवा लाग्न सक्ने अन्य कुनै बीज, वस्तुको पैठारी निषेध गर्न वा पैठारी वा निकासी गर्नु अघि आवश्यक उपचार गर्नु पर्ने गरी त्यस्तो उपचार तोक्ने,

(छ) बिरूवा वा बिरूवा-उत्पादको पैठारी वा निकासी गर्ने बाटो तोक्ने र

(ज) जीवाणु, किटाणु, माकूरा र चिप्लेकीराहरूको प्रवेशमा प्रतिबन्ध लगाउने वा तिनीहरूको प्रसार रोक्न कुनै खास ठाउँमा कुनै खास बिरूवा वा बिरूवा-उत्पाद लगाउन वा राख्न निषेध गर्ने ।

४. बिरूवा वा बिरूवा-उत्पाद पैठारी गर्दा प्रज्ञापनपत्र दाखिल गर्नुपर्नेः– बिरूवा वा बिरूवा-उत्पाद पैठारी गर्न चाहने व्यक्तिले तोकिएबमोजिमको निस्सा प्रमाणसहित तोकिएको ढाँचामा प्रज्ञापनपत्र भरी बिरूवा संरक्षण कार्यालयमा दाखिल गर्नुपर्छ ।

तर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास बिरूवा वा बिरूवा-उत्पादका सम्बन्धमा त्यस्तो निस्सा प्रमाण र प्रज्ञापनपत्र दाखिल गर्न नपर्ने गर्न सक्नेछ ।

९२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. अनुसन्धानको लागि पैठारी हुने बिरुवा र बिरुवा-उत्पादमा सहुलियत:– अध्ययन, अनुसन्धान र अन्य कुनै वैज्ञानिक कामको लागि सरकारी वा गैरसरकारी संस्थाहरूले पैठारी गर्ने बिरुवा र बिरुवा-उत्पादको पैठारी र उपचारको सम्बन्धमा बिरुवा संरक्षण अधिकारीले मनासिब ठहराएमा तोकिएबमोजिमको सहुलियत प्रदान गर्न सक्नेछ ।

६. बिरुवा र बिरुवा-उत्पाद निकासी गर्न प्रमाणपत्र लिनु पर्ने:– (१) नेपाल अधिराज्य-बाट विदेशमा कुनै बिरुवा र बिरुवा-उत्पाद निकासी गर्न चाहनेले बिरुवा संरक्षण अधिकारी समक्ष निवेदन दिनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम दिइने निवेदनपत्रको साथमा तोकिएबमोजिमको कागजात र विवरण समेत दाखिल गर्नुपर्छ ।

(३) उप-दफा (१) बमोजिमको निवेदनपत्र र उप-दफा (२) बमोजिमको कागजात र विवरण प्राप्त भएपछि प्रमाणपत्र दिन बाधा नदेखिएमा बिरुवा संरक्षण अधिकारीले तोकिएबमोजिमको प्रमाणपत्र दिनेछ ।

७. बिरुवा संरक्षण अधिकारीको अधिकार:– बिरुवा संरक्षण अधिकारीलाई देहायबमोजिम-को अधिकार समेत हुनेछ:–

(क) दफा ३ अन्तर्गत प्रकाशित सूचनाले लगाइएको शर्त बन्देज कसैले उल्लंघन गरेमा सम्बन्धित बिरुवा वा बिरुवा-उत्पाद जफत गर्ने,

(ख) दफा ४ बमोजिम दाखिल गरेको प्रज्ञापनपत्रमा बिरुवा वा बिरुवा-उत्पादको कसैले विवरण फरक पारी लेखेमा फरक पारे जति बिरुवा वा बिरुवा-उत्पाद जफत गरी सम्बन्धित व्यक्तिलाई पचास रुपैयाँसम्म जरिवाना गर्ने,

(ग) विनाशकारी कीटाणु वा रोग भएका बिरुवा तथा बिरुवा-उत्पाद जफत गर्ने, र

(घ) जफत भएको बिरुवा वा बिरुवा-उत्पाद लिलाम बिक्री गर्ने वा अवस्थानुसार नष्ट गर्नुपर्ने भए नष्ट गर्ने ।

८. पुनरावेदन:– (१) दफा ७ बमोजिम बिरुवा संरक्षण अधिकारीले गरेको निर्णयउपर सो निर्णय भएको पैंतीस दिनभित्र श्री ५ को सरकार, कृषि शिक्षा तथा अनुसन्धान विभागको निर्देशक समक्ष पुनरावेदन लाग्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम निर्देशकले गरेको निर्णयउपर सो निर्णय भएको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकेको अधिकारी समक्ष पुनरावेदन लाग्न सक्नेछ ।

९. नियम बनाउने अधिकार:– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मिति– २०२९।६।५।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

226

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

27C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।